म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ३० २०८१ पुस १ गते सोमबार 16 December 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## एमाले हेटौँडामा बोलबहादुर र जनरलबीच भिडन्त

हेटौँडाः नेकपा एमाले हेटौँडा उपमहानगरपालिका कमिटीको अध्यक्षका लागि जनरल श्रेष्ठ र बोलबहादुर कार्कीबीच प्रतिस्पर्धा हुने भएको छ। आइतबार उम्मेदवारी फिर्ता लिने अवधिमा नगर अध्यक्षका आकांक्षी इन्द्र नेपाल र नवराज खतिवडाले उम्मेदवारी फिर्ता लिनुभएसँगै जनरल र बोलबहादुरबीच अध्यक्षको उम्मेदवार हुने निश्चित भएको हो । शनिबार उम्मेदवारी दर्ता गर्नुभएका इन्द्र र नवराजले आइतबार उम्मेदवारी फिर्ता लिनुभएको हो। इन्द्र र नवराजले उम्मेदवारी फिर्ता गर्नुभएसँगै अब नेकपा एमालेको हेटौँडा उपमहानगर कमिटीको अध्यक्षमा बोलबहादुर कार्की र जनरल श्रेष्ठ 'जेन' बीच प्रतिस्पर्धा हुने देखिएको छ । यस्तै सचिव पदका उम्मेदवार सविन मुक्तानले पनि उम्मेदवारी फिर्ता लिनुभएको छ । निर्वाचन प्रक्रियाअन्तर्गत भोलि सोमबार मतदानलगायतका अन्य कार्य हुनेछ।

### यु-१५ वडाध्यक्ष कप फुटबल

## उपाधि रियल स्टारलाई



उपाधिसाथ रियल स्टार फुटबल क्लबको टिम ।

समाज संवाददाता

हेटौँडाः पिप्ले युवा क्लबले आयोजना गरेको यु-१५ वडाध्यक्ष कप खुला फुटबलको उपाधि रियल स्टार क्लबले जितेको छ । आइतबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा सम्पन्न भएको फाइनल खेलमा चितवन जिल्लाको कालिका नगरपालिकाको गैरीबारी क्लबलाई १-० गोलअन्तरले हराउँदै रियल स्टार क्लबले उपाधि जितेको हो ।

प्रतियोगिताको उपाधि विजेता रियल स्टारको टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता गैरीबारीको टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । पिप्ले युवा क्लबका अध्यक्ष सुवीन घिमिरेको सभाध्यक्षमा तथा हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा प्रतियोगिताको पुरस्कार वितरण समारोह भएको हो ।

रियल स्टारको जीतमा मिलन ब्लोनले निर्णायक गोल गरे। पहिलो हाफको १२ औं मिनेटमा मिलनले निर्णायक गोल गरे। खेलका निर्णायक गोलकर्ता ब्लोननै म्यान अफ द म्याच घोषित भए । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै रियल स्टारका सन्दिप गोलेले ५ हजार ५ सय रुपैयाँ नगद पुरस्कार प्राप्त गरे । रियल स्टार क्लबका मिलन ब्लोन उत्कृष्ट फरवार्ड, गैरीबारीका निशान गुरुङ उत्कृष्ट डिफेन्डर, गैरीबारीकै सुरज गुरुङ उत्कृष्ट मिडफिल्डर, रियल स्टारका आदित्य थिङ उत्कृष्ट गोलरक्षक र रियल स्टारकै दिनेश चौलागाईं उत्कृष्ट प्रशिक्षक घोषित हुँदै जनही ३ हजार ५ सय रुपैयाँ नगद राशि प्राप्त गरेका छन् ।

यसअघि आइतबार नै सम्पन्न भएको पहिलो सेमीफाइनल खेलमा हेटौँडा-१५ को न्यू डाँफे फुटबल क्लबलाई टाइब्रेकरमा पराजित गर्दै रियल स्टार फाइनल प्रवेश गरेको थियो भने दोस्रो सेमीफाइनल खेलमा हेटौंडा-८ को देवनगर फुटबल क्लबलाई टाइब्रेकरमा ३-१ गोलले पराजित गर्दै गैरीबारी फाइनलमा प्रवेश गरेको थियो । प्रतियोगितामा २० वटा टिमहरुको सहभागिता रहेको थियो ।

प्रतियोगिताको समापन समारोहमा मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टिकाराम लामा, महासचिव छवी सुवेदी, नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्र प्रसाद घिमिरे, वडाध्यक्षहरु सविन न्यौपाने, सुशील घिमिरे, दीपक खड्का, जेसीआई हेटौँडाका अध्यक्ष विकेश लाल श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

## मउवासंघको अध्यक्षमा अग्रवालको उम्मेदवारी घोषणा



मकवानपुर उद्योग वाणिज्य संघको अध्यक्ष पदमा उम्मेदवारी घोषणा गर्नुहुँदै अनिल अग्रवाल ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर उद्योग वाणिजय संघ (मउवासंघ) को अध्यक्षमा अनिल अग्रवालले उम्मेदवारी घोष्णा गर्नुभएको छ । आइतबार हेटौंडा-१०, बुद्धचोकमा सचिवालयको उद्घाटन गर्नुहुँदै अग्रवालले अध्यक्ष पदका लागि उम्मेद्वारी घोषणा गर्नुभएको हो । उद्योग वाणिज्य संघमा वरिष्ठ उपाध्यक्षको जिम्मेवारी सम्हाल्दै आउनुभएका अग्रवालले आगामी पुस २४ गतेदेखि २७ गतेसम्म हुने उद्योग वाणिज्य संघको साधारणसभामा अध्यक्षको उम्मेदवार हुने जानकारी दिनुभयो ।

अधिवेशनबाट अध्यक्ष पदमा निर्वाचित भएपछि आफ्नो कार्यालयमा व्यापार मेला महोत्सव नगर्ने अग्रवालले प्रतिवद्धता व्यक्त गर्नुभएको छ। व्यापार मेला आयोजना गरेका कारणले व्यवसायीहरु घाटामा जाने र बैंकले घर लिलामी गर्ने कुरालाई मध्य नजर गर्दै व्यापार मेलालाई अध्यक्ष पदमा निर्वाचित भएपछि आफ्नो कार्यकालमा रोक लगाउने अग्रवालले विश्वास दिलाउनुभएको हो ।

आर्थिक मन्दिको कारणले व्यापार व्यवसायी घाटामा गएको कुरालाई मध्य नजर गरेर संघ मार्फत उद्योगको विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ आफू लागीपर्ने उहाँले बताउनुभयो। अग्रवालले संघको साख उच्च बनाउने, संस्थागत विकासका कामहरुमा लाग्ने बताउनुभयो। अग्रवालले संघमा १७ वर्षे लामो यात्रामा विवादरहित रहेको र हालसम्म मकवानपुरे उद्योगी/व्यवसायीले आफूलाई विजयी गराउँदै आएकोमा खुशी व्यक्त गर्नुहुँदै अन्तिम पटको पनि जित हासिल गर्ने विश्वास रहेको उहाँको भनाई छ ।

उद्योगी व्यवसायीका समस्यामा सहजीकरण गर्ने, स्थानीय र प्रदेश सरकारसँग थप सुमधुर सम्बन्ध बनाउने, आन्तरिक राजश्व कार्यालयमा राखिने हेल्प डेक्सलाई थप सुविधाजनकरुपमा व्यवस्थित गरिने, आन्तरिक राजश्व कार्यालयसँग सम्बन्ध सुधार गर्दै करका समस्यामा सहजीकरण गर्ने र उद्योग बाणिज्य महासंघ प्रदेश तथा केन्द्रसँग सम्बन्ध सुधार गर्दै विभिन्न जानकारीमूलक कार्यक्रमहरु ल्याउने उहाँले बताउनुभयो । साना व्यवसायीहरुको व्यवसाय कर तथा राजश्व कर भुक्तानीलाई अधिकतम सहजीकरण गर्ने उहाँले बताउनुभयो । यसअघि प्रमोदसिंह रानाभाटले संघको अध्यक्ष पदको उम्मेदवारी घोषणा गर्नुभएको थियो ।

हार्दिक बधाई



हेटौंडा १८ स्थित मकवानपुर बालविद्या सदनका प्रिन्सीपल हाम्रा प्रिय दाइ सुदीपराज गिरी निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) हेटौंडा उपमहानगर समितिको आइतबार सम्पन्न अधिवेशनबाट सचिव पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

भाइहरू

विवेक कार्की — किशोर खत्री
दिनेश बखेल — सरोज भण्डारी

हेटौंडा-८, कमाने

हार्दिक बधाई



यस मकवानपुर सनराइज इंग्लिस बोर्डिङ स्कूलका संस्थापक प्रिन्सीपल आदरणीय रामकुमार श्रेष्ठ निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) हेटौंडा उपमहानगर समितिको आइतबार सम्पन्न अधिवेशनबाट अध्यक्ष पदमा दोस्रो कार्यकालका लागि सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

मकवानपुर सनराइज इंग्लिस बोर्डिङ स्कूल परिवार
हेटौंडा-१२, मकवानपुर

## सम्पादकीय

# भीमफेदी–कुलेखानी सुरुङमार्ग

हेटौंडा–काठमाडौं छोटोमार्ग "हेटौंडा–भीमफेदी–कुलेखानी–फर्पिङ" करिब २ दशकदेखि ठूलो संख्यामा यात्रुको प्रमुख मार्गको रुपमा रहँदै आएको छ । ठूलो संख्यामा यात्रुको दैनिक आउजाउ हुने सडकको अवस्था भने सन्तोषजनक छैन । अझ भन्ने हो भने सर्वसाधारण नागरिक जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । हुन त बागमती प्रदेशको राजधानी हेटौंडा भएसँगै प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, प्रदेश सभा सदस्य, सभाका सभामुख, उपसभामुख, राजनीतिक दलका नेता, कार्यकर्ता, कर्मचारी प्रशासनतर्फ उच्च ओहोदाका व्यक्तित्वहरु पनि यही बाटो जोखिमपूर्ण यात्रा गरिरहेका छन् ।

अहिलेको अवस्थामा समेत करिब ३ घण्टामा हेटौंडा–काठमाडौं यात्रा तय गर्न सकिने यो छोटोमार्गको स्तरोन्नतिको विषयमा पर्याप्त चर्चा भइसकेको छ । भैंसे–भीमफेदी, भीमफेदी–कुलेखानी, कुलेखानी–सिस्नेरी–दक्षिणकाली खण्ड स्तरोन्नति समेत गरिएको छ । तर, गत असोजको भारी वर्षासँगैको बाढीले कुलेखानी–सिस्नेरी, कुलेखानी–फर्पिङ सडकखण्डमा ठूलो क्षति पुगेको छ । पहाडी भुगोलका कारण उकालो, ओरालो, साँघुरा मोडका कारण भीमफेदीदेखि फर्पिङसम्मको सडकखण्ड जोखिमयुक्त समेत छ । पछिल्लो समय सडकको स्तरोन्नतिपछि भने छोटोमार्गको यात्रा केही सहज हुने अपेक्षाविपरित गत असोजको बाढीले पुऱ्याएको क्षतिका कारण यो सडकखण्डको यात्रा अपेक्षित सहज हुन सकेको छैन ।

यो छोटो मार्गमा विशेषगरी भीमफेदी–कुलेखानी खण्डमा सुरुङको परिकल्पना गरिएको थियो । उक्त खण्डमा सुरुङ निर्माण गर्ने हो भने करिब ३ किलोमिटर सिधा सुरुङमार्ग निर्माण हुँदा उकालो–ओरालो–साँघुरो घुम्ती सडकको करिब १५ किलोमिटर लम्बाई तय गर्नुपर्ने बाध्यता हुने थिएन । सुरक्षित र छिटो यात्रा तय गर्न सकिने भन्दै सुरुङमार्गको विस्तृत परियोजना प्रतिवेदन समेत तयार छ । तर, उक्त योजना कार्यान्वयन हुन भने सकेको छैन । करोड भन्दा बढी रकम खर्चेर विस्तृत परियोजना प्रतिवेदन तयार पारिए पनि उक्त प्रतिवेदनका आधारमा परियोजना सुरुवात गर्ने विषयमा भने सरोकारवालाको ध्यान पुग्न सकेको छैन ।

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार तीनै तहका सरकारको ध्यान, साथ, सहकार्यमा भीमफेदी–कुलेखानी सुरुङमार्ग निर्माण हुनुपर्ने हो । नेपालका लागि अहिले सुरुङमार्ग नौलो विषय पनि होइन । संसार सुरुङमार्गको युगमा असाध्यै धेरै अगाडि बढिसक्दा हाम्रो मुलुकमा भने वृहत लाभको अवसर भएका क्षेत्रमा पनि सुरुङमार्ग निर्माणमा ध्यान पुगेको देखिँदैन । नागरिकको सुरक्षा, सुरक्षित यात्रा, यातायात खर्चमा हुने कटौति, समयको बचत लगायत बहुपक्षीय लाभको अवसरलाई आत्मसात गर्ने गरी सुरुङमार्ग निर्माणका लागि सरोकारवालाको ध्यान पुगोस् । यतिबेला स्थानीय र प्रदेश सरकार बीच सहकार्य भई संघीय सरकारलाई जिम्मेवार बनाउन समेत प्रयास जरुरी छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा–८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : अस्वस्थता बढ्ने समयको योग रहेको देखिन्छ ।
**वृष** : व्यवसाय र पेशाका कामहरु सन्तोषजनक रहनेछन् ।
**मिथुन** : काममा प्रतिस्पर्धीहरु पराजित हुने समय छ ।
**कर्कट** : प्रतिस्पर्धीहरु कमजोर बन्ने समय योग छ ।
**सिंह** : व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ ।
**कन्या** : माङ्गलिक काममा सरिक भइने समय छ ।
**तुला** : गुमेको धन प्राप्त गर्न प्रयास हुने समय योग छ ।
**वृश्चिक** : आत्मबल र काम गर्ने प्रेरणा प्राप्त हुने छ ।
**धनु** : लेनदेनमा सर्तकता अपनाउँदा राम्रै रहने छ ।
**मकर** : प्रतिभा र क्षमताले काममा पूर्णता प्राप्त हुने छ ।
**कुम्भ** : लाभमूलक जिम्मेवारी आइपर्ने समय योग छ ।
**मीन** : अकर्मत्य र लक्ष्यहीन नबन्दा राम्रो रहने छ ।

# निजामती कानुन 'भगवान'ले जानुन् !



✍ **प्रकाश भट्टराई**

हामीकहाँ सार्वजनिक प्रशासन सञ्चालन गर्न गठन गरिएको स्थायी संरचनालाई निजामती सेवा भनिन्छ । यो योग्यता प्रणालीबाट छनोट गरिएका राष्ट्रसेवकको समष्टिगत स्वरुप हो । यसलाई स्थायी सरकारका रूपमा पनि परिभाषित गर्ने गरिन्छ ।

निजामती सेवा वा सरकारी सेवा राज्य सञ्चालनको एक आधारभूत तथा अभिन्न अङ्ग हो । सरकारले निर्माण गरेका कानुन, नीति, योजना तथा कार्यक्रमको कार्यान्वयनको जिम्मेवारी प्रथमतः निजामती सेवाले लिने गर्छ । कानुनको परिपालना गर्नु–गराउनु, सरकारको प्रतिनिधिका रुपमा सरकारी सेवा–सुविधालाई नागरिकसमक्ष पुऱ्याउनु, नागरिकलाई राज्यको अनुभूति दिलाउनु र समग्रमा सरकार र नागरिकका बिच सेतुको काम निजामती सेवाले गरेको हुन्छ ।

यस प्रकारको सरकारी सेवाको उदय राज्यको उत्पत्तिसँगै र विशेष गरी इसापूर्व ३०० तिर प्राचीन चीनको हान वंशबाट सुरुवात भएको मानिन्छ ।

सन् १८५४ मा बेलायती संसदमा 'नर्थकोट–ट्रेभेलियन रिपोर्ट' बुझाएपछि आधुनिक सरकारी सेवाको सुरुवात भएको मानिन्छ । नेपालमा २००८ सालमा पब्लिक सर्भिस कमिसन गठन भएको थियो । २०१३ सालमा निजामती सेवा ऐनको तर्जुमापश्चात् कानुनी रूपमा निजामती सेवाको सञ्चालन भएको मान्न सकिन्छ ।

विभिन्न आरोह–अवरोह पार गर्दै नेपालको निजामती सेवा यहाँसम्म आइपुगेको छ । सार्वजनिक प्रशासनको सुधारका लागि हामीकहाँ विभिन्न समयमा आयोग, समिति तथा कार्यदल गठन भएका छन् । खासगरी २०४८ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा अधिकारसम्पन्न प्रशासन सुधार आयोग गठन भएको थियो । सो आयोगको सुझाव समेतका आधारमा प्रशासन क्षेत्रको आमूल सुधार हुने गरी निजामती सेवा ऐन (२०४९) जारी गरिएको हो । हालसम्म त्यही कानुनले मुलुकको निजामती सेवा चल्दै आएको छ । सङ्घीय व्यवस्था आएको लामो समयसम्म सङ्घीय निजामती सेवा ऐन जारी हुन नसकेकाले हामीकहाँ निजामती सेवा तदर्थवादमा चल्न बाध्य छ ।

प्रदेश निजामती सेवा र स्थानीय सेवाका लागि आवश्यक सिद्धान्त र मार्गदर्शन आवश्यक हुन्छ । बदलिँदो विश्व परिवेश एवं प्रशासनिक सङ्घीयताको कार्यान्वयनमा सघाउ पुऱ्याउने ढाँचाको कर्मचारीतन्त्र निर्माण गर्ने गरी सङ्घीय निजामती सेवा ऐन जारी गरेर मात्र स्वेच्छिक रूपमा कर्मचारी समायोजन गर्नुपर्ने थियो । हामीकहाँ जबर्जस्त रूपमा कर्मचारी समायोजन गर्दा नेपालको निजामती सेवा बिर्ब्लेंटो बाटोमा गएको छ, अन्योलताको भूमरीमा परेको छ ।

कानुन तथा सरकारका नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने स्याथी संयन्त्रका रुपमा रहेको कर्मचारीतन्त्र कानुनको अभावमा आफैं थला पर्ने अवस्थामा छ । निजामती प्रशासनमा बेथिति र विसङ्गति झाँगिएको छ ।

निजामती सेवा ऐन (२०४९) तथा निजामती सेवा नियमावली (२०५०) मा भएको व्यवस्था विपरीत बाह्रैमास गरिने सरुवाले एक किसिमको आतङ्क सिर्जना गरेको छ । विशिष्ट श्रेणीदेखि श्रेणीविहीन कर्मचारीसम्म यसबाट प्रभावित भएका छन् । सचिव–सहसचिव लगायत नीतिगत तहमा काम गर्ने उच्च प्रशासकको समेत एक वर्षमा तीन–चारपटक सरुवा हुँदा प्रशासनिक नेतृत्व अस्थिर बन्दै गएको छ । कानुनका अभावमा नीतिगत स्थायित्व, पेसागत हित र सेवाको सुरक्षा अनिश्चित बन्दै गएको छ भने वृत्ति विकासको मार्ग अवरुद्ध छ ।

आदर्श जीवनयापनका लागि आवश्यक सेवा–सुविधा कल्पनाभन्दा बाहिरको विषय बन्न पुगेको छ । कर्मचारीहरुको मनोबल अत्यन्तै कमजोर बनेको छ ।

अर्कोतर्फ मन्त्रालय, विभाग, निकाय एवं सेवा प्रदायक कार्यालयको कार्यबोझ तथा कामको प्रकृतिका आधारमा दरबन्दी संरचनाको वैज्ञानिक पुनर्संरचना नहुँदा कतै कर्मचारी कामविहीन हुने त कतै पर्याप्त कर्मचारीको अभावमा सेवा प्रवाहमा प्रभावकारिता कायम गर्न कठिनाइ भएको छ । कतिपय कार्यालयमा भौतिक संरचना पुरानो हुनु, आधुनिक प्रविधि र साधनको न्यून प्रयोग गरिनु, परम्परागत एवं अपारदर्शी कार्यप्रणाली लागु हुनु, ढिलासुस्ती एवं उत्तरदायित्व पन्छाउने प्रवृत्ति देखिनु आदि कारण राज्य र कर्मचारीतन्त्रप्रति नागरिकको विश्वास बढ्न सकेको छैन ।

संघीय निजामती सेवा ऐन जारी हुन नसक्दा प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐनको कार्यान्वयनमा समेत जटिलता देखिएको छ । स्थानीय तहमा कार्यरत कर्मचारीको निवृत्तिभरण लगायत समस्या बल्झिँदै गएका छन् । समायोजित कर्मचारीको कामकाज सरुवाको व्यवस्थापन गर्न नसक्दा बढुवामा जटिलता थपिएको छ । सँगै समायोजन भएका कर्मचारीको बढुवामा एकरूपता हुन सकेको छैन । नयाँ कानुन जारी नहुने र मौजुदा कानुनको समेत पूर्ण कार्यान्वयन नहुँदा 'निजामती कानुन भगवानले जानुन्' भन्ने परिस्थिति सिर्जना भएको छ ।

आधुनिक विज्ञान र प्रविधिसँगै सार्वजनिक प्रशासनमा विकास भएका नयाँ आयाम अनुसार निजामती सेवाको पुनर्संरचना गर्न तीन दशक पुरानो कानुन पर्याप्त हुने अवस्था छैन । त्यसमाथि नेपाल परम्परागत एकीकृत राज्य व्यवस्थाबाट सङ्घीय शासन प्रणालीमा रूपान्तरण भएको परिप्रेक्ष्यमा संविधान निर्माण भएलगत्तै निजामतीसँग सम्बन्धित कानुन आवश्यक थियो तर त्यसतर्फ राजनीतिक नेतृत्वले ध्यान दिन सकेको छैन । प्रशासनिक नेतृत्व र कर्मचारीका ट्रेड युनियनहरूले समेत प्रभावकारी पहल गर्न सकेका छैनन् । आफैँलाई सञ्चालन, नियन्त्रण एवं व्यवस्थित गर्ने कानुन बनाइदेउ भनेर स्वयं कमर्चारीले सरकारसँग माग गर्नुपर्ने अनौठो परिस्थिति उत्पन्न भएको छ ।

हालसम्मको अवस्थालाई हेर्दा कर्मचारीतन्त्रमा सुधार गर्न सरकारले अग्रसरता लिन सकेको छैन । सिंगापुर, संयुक्त अरब इमिरेट्स लगायत देशहरुले दशकौं अगाडिबाट सार्वजनिक प्रशासनमा आमूल परिवर्तन गरेका छन् । तर नेपालमा ठोस प्रयास भएका छैनन् । प्रशासन सुधारका नाममा विभिन्न सरकारी निकाय कति राख्ने, कर्मचारीको दरबन्दी घटाउने वा बढाउने बाहेकका विषय प्राथमिकतामा पर्न सकेको देखिँदैन ।

हामीकहाँ सार्वजनिक प्रशासन प्रभावकारी हुन नसक्नुमा राजनीतिक नेतृत्वले कर्मचारीतन्त्रलाई र प्रशासनले राजनीतिलाई दोषारोपण गर्ने गरेको पाइन्छ । केही प्रशासनविद्, उच्च प्रशासक तथा राजनीतिक नेतृत्वले समेत ट्रेड युनियनका कारण कर्मचारीतन्त्र प्रभावकारी नभएको आरोप लगाउने गरेका छन् ।

ट्रेड युनियनका कारण निजामती प्रशासनमा राजनीति भएको आरोप आफैँमा हास्यास्पद तर्क हो, किनभने कर्मचारीतन्त्रमा वास्तविक राजनीति त मन्त्रीहरूले आफू अनुकूलको सचिव रोज्ने कार्यबाट सुरु हुन्छ । कर्मचारीको सरुवामा हस्तक्षेप गर्छन् भन्ने आरोप ट्रेड युनियनहरूलाई लाग्ने गरेको छ । पूर्वानुमान योग्य स्वचालित सरुवा प्रणाली लागु गरेर सरुवा व्यवस्थित बनाउने हो भने हस्तक्षेपको गुन्जायस नै हुँदैन । ट्रेड युनियनको चासो कर्मचारीमाथि अन्याय हुन नदिने, साझा हित कायम गर्ने तथा सारभूत रूपमा निजामती सेवाको श्रीवृद्धि गर्ने नै हो । यी कार्य सरकारको जिम्मेवारीभित्र पर्ने भएकाले सरकार र ट्रेड युनियनको उद्देश्यमा समेत समानता रहेको हुन्छ । ट्रेड युनियनलाई व्यवस्थापनको प्रतिद्वन्द्वीका रुपमा होइन, सहयात्रीका रूपमा लिन सक्नुपर्छ ।

राजनीतिक परिवर्तनमा राजनीतिक दलले र अप्ठेरो पर्दा उच्च प्रशासकले ट्रेड युनियनहरूको साथ खोजेको तथ्य जगजाहेर छ । आफ्ना सदस्यलाई मात्र होइन, मुख्य सचिव तथा सचिवलाई अन्याय हुँदा समेत ट्रेड युनियनले आवाज उठाउँदै आएका छन् । ट्रेड युनियनका कमी–कमजोरी पनि छन्, गल्ती कमजोरी सच्याउँदै ट्रेड युनियन तोकिएका काममा केन्द्रित हुनुपर्छ ।

नेपाल निजामती कर्मचारी युनियन लगायत राष्ट्रिय स्तरका ट्रेड युनियनहरू, राजपत्र अनंकित कर्मचारी संरक्षण अभियान, स्थानीय तहमा कार्यरत कर्मचारी लगायत विभिन्न सेवा समूहका कर्मचारीले वर्षौंदेखि यथाशीघ्र निजामती सेवा ऐन जारी गर्नुपर्ने माग गरेका छन् । निजामती सेवा ऐनमा समावेश हुनपर्ने विषय, कर्मचारीका सेवा–सुविधा र निजामती सेवाको सुधारका सन्दर्भमा विभिन्न एजेन्डा राखी छलफल, आन्दोलन तथा विरोधका कार्यक्रम गर्दै आएका छन् । सरोकारवालाको सार्थक सहभागिताविना निर्माण हुने नीति तथा कानुनको कार्यान्वयन प्रभावकारी हुन सक्दैन । यस तथ्यलाई मनन गर्दै सरकारले सरोकारवाला पक्षले उठाएकामध्ये उपयुक्त मागलाई सम्बोधन गर्ने र बाँकी विषयका सन्दर्भमा 'कन्भिन्स' गरी उनीहरुलाई विश्वासमा लिन जरुरी छ ।

स्थायी सरकारको रूपमा रहेको तिनै तहको सरकारी सेवालाई व्यवस्थित नगरी समृद्ध नेपालको परिकल्पनालाई साकार बनाउन सम्भव छैन । त्यसैले प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधीन रहेको सङ्घीय निजामती सेवा विधेयकमाथिको छलफललाई गति दिई आगामी हिउँदे अधिवेशनबाट यथाशक्य छिटो जारी गर्नुको विकल्प देखिँदैन ।

अब बन्ने सङ्घीय निजामती सेवा ऐनमा निजामती सेवाका आधारभूत सिद्धान्त, विश्वव्यापी मूल्य र मान्यता, विकसित नवआयामका विषयलाई समावेश गरी नेपालको प्रशासनिक सङ्घीयता कार्यान्वयनको आधार तय गर्नुपर्छ । यसका अतिरिक्त एकपटकलाई कर्मचारी समायोजनमाथि पुनरवलोकन गरिनुपर्छ । संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवालाई सञ्चालन गर्न छुट्टाछुट्टै कानुनको व्यवस्था आवश्यक हुन्छ । यद्यपि 'निजामती कर्मचारी'को परिभाषामा तिनै तहमा कार्यरत कर्मचारीलाई समेटेर ऐन आउनुपर्छ । निश्चित सेवा अवधि, सेवा गरेपछि माथिल्लो श्रेणी र तहमा स्वतः बढुवा हुने स्वचालित बढुवा प्रणाली, स्वचालित र पूर्व अनुमानयोग्य सरुवा प्रणालीलाई ऐनमा समेटिनुपर्छ ।

प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको अन्तरप्रदेश सरुवाको व्यवस्था, सहसचिव–उपसचिवको खुलातर्फको पदपूर्तिमा तोकिएको सेवावधि र शैक्षिक योग्यता भएका राजपत्र अनंकित कर्मचारीले पनि प्रतिस्पर्धा गर्न पाउने व्यवस्था, सेवामा रहेका कर्मचारीलाई सेवामा टिकाइराख्न र निजामती सेवामा सक्षम जनशक्तिका आकर्षित गर्नका लागि पर्याप्त तलब एवं समयसापेक्ष सुविधाको कानुनी सुनिश्चितता, प्रभावकारी सेवा प्रवाहको सुनिश्चितताका लागि क्षतिपूर्तिसहितको नागरिक सेवाको प्रत्याभूति लगायत विषय जारी हुने ऐनमा समावेश गर्नुपर्छ । यसैअनुरुप प्रदेश निजामती सेवा र स्थानीय सेवालाई थप परिमार्जित र व्यवस्थित गरिनुपर्छ । मुलुकको निजामती सेवालाई कानुनविहीनताको अवस्थाबाट यथाशक्य छिटो मुक्त गराउनु आजको प्रमुख प्राथमिकताको विषय हो ।

*(विद्यावारिधिरत लेखक नेपाल निजामती कर्मचारी युनियनका केन्द्रीय सचिव हुन् । स्रोतः रातोपाटी)*

# इनर्जी ड्रिंकले स्वास्थ्यमा पुऱ्याउन सक्छ हानि



✍ **प्रवीण भट्टराई**

इनर्जी ड्रिङ्कलाई सामान्यतया ऊर्जा प्रदान गर्ने पेय पदार्थको रूपमा बुझिन्छ । त्यसैले थकान मेट्न र शरीरमा शक्ति बढाउन धेरैले यसलाई सेवन गर्छन् । विशेषगरी युवावर्गमा यसको लोकप्रियता बढी छ ।

बजारमा विभिन्न प्रकारका इनर्जी ड्रिङ्क उपलब्ध छन्, जसले तत्काल शरीर लाई सक्रिय बनाउन सक्छ । तर लामो समयसम्म यसको सेवनले स्वास्थ्यमा हानि पुऱ्याउन सक्छ । उच्च चिनी र क्याफिन भएका यी पेय पदार्थ पछिल्लो समय मधुमेहको प्रमुख कारण बनेका छन् ।

हालै कम्बोडियाले विद्यालयहरूमा इनर्जी ड्रिङ्कको बिक्रीमा प्रतिबन्ध लगाएको छ । यसको कारण युवाहरूमा मधुमेह र मोटोपनजस्ता समस्या बढिरहेको छ ।

### यसले वास्तवमै ऊर्जा दिन्छ ?

चिनीको सेवनले तत्काल ऊर्जा प्राप्त हुन्छ । इनर्जी ड्रिङ्कमा रहेको क्याफिन र




टउरिनले केन्द्रीय स्नायु प्रणालीलाई सक्रिय बनाउन मद्दत गर्छ, जसले सेवनकर्तालाई स्फूर्त महसुस गराउँछ । तर सामान्य अवस्थामा कृत्रिम रूपमा स्नायु प्रणालीलाई सक्रिय गर्नु राम्रो होइन ।

### इनर्जी ड्रिङ्कको स्वास्थ्यमा असर

इनर्जी ड्रिङ्कमा उच्च चिनीको मात्रा हुन्छ, जसले शरीरमा फ्याट र ट्राइग्लिसराइड्सको रुपमा भण्डार हुन्छ । यसले फ्याटी लिभर र उच्च ट्राइग्लिसराइड्सको समस्या निम्त्याउन सक्छ, जसले हृदयघातको जोखिम बढाउँछ । उच्च रक्तचापको समस्या पनि हुनसक्छ । क्याफिन र चिनीको उच्च मात्रा हृदय गति र रक्तचाप बढाउन सक्छ, जुन मुटुको स्वास्थ्यका लागि हानिकारक छ ।

इनर्जी ड्रिङ्कको सेवन गर्दा क्याफिनको मात्रा बढ्छ, जसले चिन्ताको स्तर बढाउँछ । जसकारण निद्रामा असर पर्छ ।

...बाँकी पृष्ठ ३ मा

# प्याब्सन हेटौँडामा पुनः श्रेष्ठ



समाज संवाददाता

हेटौंडाः निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) हेटौँडा उपमहानगर कार्यसमितिको अध्यक्षमा पुनः रामकुमार श्रेष्ठ सर्वसम्मत चयन हुनुभएको छ। आइतबार हेटौँडामा सम्पन्न छैठौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनले श्रेष्ठको नेतृत्वमा ७ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

उपमहानगर समितिको उपाध्यक्षमा श्यामकुमार बानियाँ, सचिवमा सुदीपराज गिरी, कोषाध्यक्षमा अरुण पराजुली चयन हुनु भएको छ । सदस्यमा कविता मुडभरी, शंकर खत्री र दिल बहादुर थिङ चयन हुनुभएको छ । प्याब्सन नगर कार्यसमितिका अध्यक्षमा रामकुमार श्रेष्ठको अध्यक्षता तथा प्याब्सन केन्द्रीय सह-कोषाध्यक्ष ग्रेस श्रेष्ठको प्रमुख आतिथ्यमा छैठौं वार्षिक साधारणसभा तथा तेस्रो नगर अधिवेशनको उद्घाटन समारोह भएको हो। कार्यक्रममा प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदी, सल्लाहकार मदन कुमार दाहाल, ऋषिराम आचार्य लगायतको उपस्थिति रहेको थियो ।

# हेटौँडामा तरकारीको मूल्य घट्दै

समाज संवाददाता

हेटौँडाः हेटौँडास्थित थोक तरकारी बजारमा तरकारीको मूल्य घटेको छ । स्थानीय तरकारी बजारमा आएसँगै तरकारीको मूल्य घटेको हो । शनिबार बजारमा काउली र रायोको सागको मूल्य बढेको छ। शनिबार प्रतिकिलो ६० रुपैयाँमा बिक्री भएको काउली आइतबार २० रुपैयाँले भाउ बढेर प्रतिकिलो ८० रुपैयाँ बिक्री भएको छ भने शनिबार गोलभेडा ७० रुपैयाँले भाउ घटेर ६० रुपैयाँमा बिक्री भएको हेटौँडा-१ स्थित थोक तरकारी बजारको परिजात फलफूल तथा तरकारी सप्लायर्सका प्रोप्राइटर बद्रि घिमिरेले जानकारी दिनुभयो ।

शनिबार थोक बजारमा साग प्रतिमुठा २५ रुपैयाँ, केराउकोसा १५० रुपैयाँ, लसुनको साग १५० रुपैयाँ, धनियाँ ८० रुपैयाँ, बन्दा २५ रुपैयाँ, घिउसिमी ८० रुपैयाँ, घरसिमी ८० रुपैयाँ, तितेकरेला १०० रुपैयाँ, मुला ४० रुपैयाँ, नयाँ आलु ६२ रुपैयाँ, लौका ४५ रुपैयाँ, खुर्सानी ६० रुपैयाँ, हरियो प्याज साग ६० रुपैयाँ प्रतिकिलो विक्री भएको छ। यस्तै पाकेको फर्सी ३५ रुपैयाँ, हरियो फर्सी ६० रुपैयाँ, गाँजर १३० रुपैयाँ, मकै बोडी ६० रुपैयाँ, कागती १६० रुपैयाँ, काँक्रो ८० रुपैयाँ, भन्टा ६० रुपैयाँ, भिडे खोर्सानी १०० रुपैयाँ, इस्कुस २० रुपैयाँ, भिन्डी १२० रुपैयाँ, चमसुर पालुङ्गो साग ३० रुपैयाँ, सुप साग ३० रुपैयाँ, र पत्ता च्याउ १२० रुपैयाँ किलो बिक्री भएको घिमिरेले बताउनुभयो।

# *इनर्जी ड्रिङ्कले*

अनिद्रा, टाउको दुखाइ र माइग्रेन जस्ता समस्या इनर्जी ड्रिङ्काका कारण निम्तिन सक्छ । साथै, ग्लुकोजको उच्च मात्रा एसिडिटी बढाउन सक्छ, जसले ग्यास्ट्राइटिस र एसिड रिफ्लक्सको समस्या निम्त्याउन सक्छ ।

क्याफिनको अत्यधिक सेवनले शरीरलाई निर्जलीकरण गर्न सक्छ, जसले मिर्गौलामा असर पुऱ्याउँछ। चिनीको उच्च मात्राले पनि मिर्गौलामा तनाव पुऱ्याउँछ, जसले मिर्गौलाको स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्छ ।

यो पनि पढ्नुहोस

शरीरलाई किन महत्वपूर्ण छ पोटासियम र म्याग्नेसियम ?

**बालबालिकामा असर**

यदि बालबालिका वा युवावर्गले इनर्जी ड्रिङ्क सेवन गरेमा, यसले मस्तिष्कको विकासमा हानि पुऱ्याउन सक्छ । यसले बालबालिकामा रिस नियन्त्रण गर्न समस्या हुनसक्छ र व्यवहारमा परिवर्तन आउन सक्छ। लगातार सेवनले शरीरको प्राकृतिक ऊर्जा घट्न थाल्छ, जसले थकान र मानसिक तनावको अनुभूति गराउँछ ।

**इनर्जी ड्रिङ्कको सेवनले निम्त्याउने गम्भीर समस्या**

रक्तचाप वृद्धि : उच्च क्याफिन सामग्रीले मुटुको धड्कन र रक्तचाप बढाउन सक्छ, जसले हृदयघातको जोखिम बढाउँछ ।

अनिद्रा : क्याफिलन र अन्य तत्त्वले निद्रामा बाधा पुऱ्याउँछन्, जसले थकान र चिडचिडापन निम्त्याउँछ ।

पाचन समस्या : उच्च क्याफिन र चिनीको मात्राले पेट दुख्ने, वाकवाकी र पखाला जस्ता समस्या निम्त्याउन सक्छ ।

टाउको दुखाइ र माइग्रेन : क्याफिनले केही व्यक्तिमा टाउको दुखाइ वा माइग्रेन ट्रिगर गर्न सक्छ ।

पोषणको कमी : इनर्जी ड्रिङ्कले भोकलाई कम गर्न सक्छ, जसले पोषणको कमी निम्त्याउँछ ।

*(भट्टराई पोषणविद् हुन् । स्रोतः अनलाईनखबर)*

## कोटेशन आह्वान सम्बन्धी सूचना

**मकवानपुर उद्योग वाणिज्य संघको मिति २०८१ पौष २४ देखि २७ गतेसम्म हुन गई रहेको ५८ वार्षिक साधारण सभा तथा निर्वाचनको लागि निम्न बमोजिम ल्यापटप आवश्यक भएकोले इच्छुक फर्म/कम्पनीले संघको कार्यालयमा सम्पर्क राखी प्रकाशन मितिले ३(तिन दिन) भित्र कोटेशन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।**

**१) कोटेशन स्वीकृत गर्ने नगर्ने अधिकारी संघमा निहित रहने छ ।**
**२) दररेट भ्याट सहितको हुनुपर्ने छ । नेपाल सरकारको अन्य लाग्ने कर कोटेशनदाताले नै तिर्नुपर्ने छ ।**
**३) संघको सदस्यता भएकोलाई विशेष प्राथमिकता दिईने छ ।**
**४) कोटशन दाताको फर्म सम्बन्धित कार्यालयमा नवीकरण भएको हुनु पर्नेछ ।**

**मकवानपुर उद्योग बाणिज्य संघ**

**हेटौंडा-२, मकवानपुर**

## सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि.को

## २३ औं वार्षिक साधारणसभासम्बन्धी जरुरी सूचना

श्री सम्पुर्ण शेयरधनी महानुभावज्यूहरु,

यस संस्थाको मिति २०८१/०८/२२ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको २३ औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा हुने भएकोले संस्थाको सम्पुर्ण शेयर सदस्य महानुभावहरुको जानकारी तथा उपस्थितीका लागि हार्दिक अनुरोध गरिएको छ ।

**सभा हुने मिति स्थान र समय**

मिति : २०८१/०९/१३ गते शनिबार,
स्थान : बालकुमारी पार्टी प्यालेस, हेटौँडा-४, मकवानपुर
समय : विहान १०:०० बजे ।

**वार्षिक साधारण सभामा छलफल गरिने विषयहरूः**

- अध्यक्षको प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा ।
- लेखा समितिको प्रतिवेदन उपर छलफल र पारित गर्ने सम्बन्धमा ।
- आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन उपर छलफल र पारित गर्ने सम्बन्धमा ।
- संस्थाको कार्यक्षेत्र विस्तार गर्ने सम्बन्धमा ।
- प्रमुख कार्यकारी अधिकृत/व्यवस्थापकको तलब तथा भत्ता निर्धारण सम्बन्धमा ।
- संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
- आ.व.२०८०/०८१ का लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
- वार्षिक साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
- लेखा तथा सुपरीवेक्षण समितिको सदस्यको चयन गर्ने सम्बन्धमा ।
- भाखा नाघेको ऋण असुली सम्बन्धमा ।
- विविध सम्बन्धमा ।

**रामचन्द्र नेपाल**
**सचिव**
**सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौँडा-४, मकवानपुर**

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

# बालजागृतिका विद्यार्थीको आवाज

# Are we living in a Computer Game ?



**Devina Sanjel**


Is everything that happens in our life is predetermined or preprogrammed like a computer game? The Simulation Hypothesis posits that our reality-everything we see, feel, and experience-could be part of some ultimately advanced computer-controlied simulation. It was first advocated by philosopher Nick Bostrom in the year 2003, who argued that with each progress in the field of technology, a time may well come when simulations can be made which would be indistinguishable by the simulated beings from reality. The weird behaviors of our universe, like quantum particles popping in and out of existence along unpredictable lines, might hint at these being "shortcuts" in the programming of a simulation. Obviously, the fact that the universe functions with specific mathematical laws-functioning literally on programs of code-adds weight to this theory.

This argument is parallel to Plato's "Allegory of the Cave, "Here, people in a cave see shadows on a wall and believe them to be reality because they have never encountered the real world outside. Similarly, the Simulation Hypothesis comes to tell us that our world could well be a shadow of something significantly more real. The proponents of this theory support their argument: since humankind can already create very realistic video games, maybe future or advanced civilizations could have, or will have, ways of simulating whole worlds. They also note that the universe seems to be finely tuned for life; therefore, it may have been created on purpose-much like a simulation. Critics, on the other hand, argue that the hypothesis has no concrete evidence to support it. They also ask deep questions: If this is a simulation, who created the original world and why simulate us ? Some put forward the argument that this hypothesis is no more than an interesting idea without evidence.

If the simulation theory is true, everything we perceive as reality would change utterly. As a matter of fact, it would mean that everything we know about life may just be part of a greater design and nature and the universe. It also opens several moral issues: If we ever create such simulations, do we consider what would be the state of mind of beings inside them? The theory is interesting, yet it only makes us really doubt our understanding of the world. For the time being, it is like assuming ourselves to be characters in a very detailed video game. It's an idea that sparks curiosity about what reality truly is and how much of it we can actually know.

*Class Nine (Machhapuchre)*

# Climate change



**Arpit Gautam**

The earth is calling soft and clear
"protect me now, for all who're here"
The rivers run, the trees stand all,
but now they whisper, "Save us all"

The sun beats hard, the season shift,
Nature's balance starts to srift
The ice is melting, the seas will rise
Smokes and fumes cloud our skies

We have to protect the earth
to protect the future of us.
Turn off Factories, plant a tree,
Use less plastics, keep seas debris free.

*Class–8, Annapurna*

# My hobby and interest



**Samman thapa magar**

I strum my guitar, soft & sweet
A melody where dream and moment meet
Through quite paths, I love to walk
Each step is grateful that we need to talk

On my cycle, I feel the air
My father annoying me that I can feel anywhere
With friends, I share both joy & care
Life feels lovely like no other

And when I laugh it's clear to see
I've annoyed my brother, it's fun to me
A peaceful nap, my favourite part
A little rest warm up my heart

*Class 8, "Ann"*

# ३ जिल्लामा एकैदिन ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको ३ जिल्लामा एकैदिन ४ जनाको मृत्यु भएको छ । विभिन्न घटनामा प्रदेशको रामेछाप, चितवन र सिन्धुलीमा एकैदिन ४ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। रामेछापको खाँडादेवी गाउँपालिका-६, माकादुममा ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा ट्याक्टर चालक रामेछाप नगरपालिका-५ का ३७ वर्षीय खिल बहादुर भुजेल रहेको प्रहरीले जानकारी दिएको छ।

शनिबार बिहान ११ बजेर ५० मिनेटको समयमा खाँडादेवीबाट गाल्पा जाने भित्री सडकखण्डमा गाल्पाबाट गोगनपानीतर्फ आउँदै गरेको ना ६ त ७८२४ को खाली ट्याक्टर अनियन्त्रित भई सडकबाट २ सय मिटर तल खसेको थियो । दुर्घटनामा भुजेल गम्भीर घाइते भएका थिए। घाइते भुजेललाई उपचारका लागि मन्थली अस्पताल रामेछाप लगिएकोमा दिउँसो १ बजेको समयमा उपचारको क्रममा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

यस्तै, रामेछापको खाँडादेवी गाउँपालिका-४, खल्लरीमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा रामेछाप मन्थली नगरपालिका-६ भलजोरका ४९ वर्षीय डम्बर बहादुर थापा रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार बिहान ११ बजेर ४० मिनेटको समयमा तामाकोशी किनारमा थापा मृत अवस्थामा फेला परेका थिए । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि मन्थली अस्पताल लगिएको छ ।

चितवन जिल्लाको इच्छाकामना गाउँपालिका-४, पानीधारामा श्वासप्रश्वासमा समस्या भएका वृद्धको उपचारका क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा स्याङ्जाको वालिङ नगरपालिका-८ का ७३ वर्षीय कृष्ण शर्मा रहेको प्रहरीले जानकारी दिएको छ। शनिबार दिउँसो १ बजेर १५ मिनेटको समयमा स्याङ्जाबाट काठमाडौँ जाँदै गरेको ग २ ख १५७६ नम्बरको माइक्रोमा सवार शर्माको श्वासप्रश्वासमा समस्या भएको थियो । शर्माको इच्छाकामना आधारभूत अस्पतालमा उपचारको क्रममा दिउँसो २ बजेर १० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

सिन्धुली जिल्लाको दुधौली नगर पालिका-३, मिलनचोकमा मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ । गत आइतबार बेलुका ७ बजेर ३० मिनेटको समयमा मिलनचोकस्थित डकाहा-कालापनी भित्री सडकखण्डमा डकाहाबाट कालापानीतर्फ जाँदै गरेको प्र १-०५-००१ प ९०६१ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्री चालक र पछाडि सवार ३ जना घाइते भएको प्रहरीले जानकारी दिएको छ ।

घाइते हुनेमा चालक धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-९ का १८ वर्षीय अमन सिङ, पछाडी सवार दुधौली नगरपालिका-३, कालापानीका १६ वर्षीय सन्दिप सुनुवार र पैदलयात्री मिलनचोकका ६३ वर्षीय लाल बहादुर पाख्रिन थिए। घाइते तीनै जनाको आमा मेमोरियल अस्पताल डकाहामा सामान्य उपचार पश्चात उपचारका लागि धुलिखेल अस्पताल काभ्रे लगिएको थियो। सिङ र सुनुवार डिस्चार्ज भइसकेका छन् भने पाख्रिनलाई थप उपचारका लागि काठमाडौंस्थित केएमसी अस्पताल लगिएको थियो। पाख्रिनको शनिबार साँझ ६ बजेर ३५ मिनेटको समयमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। मोटरसाइकलधनी दुधौली-३, कालापानीका ४१ वर्षीय रन्जित कुँवरलाई इलाका प्रहरी कार्यालय डकाहाले नियन्त्रणमा लिएको छ ।

# राजकुमार मृत भेटिए

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१, लालझाडीका राजकुमार ब्लोन राप्तीखोलामा मृत भेटिएका छन्। शनिबार दिउँसो १२ बजेको समयमा ब्लोन मृत भेटिएको प्रहरीले जनाएको छ। ३६ वर्षीय ब्लोनको मानसिक सन्तुलन बिग्रिएको भनी परिवारका सदस्यले जानकारी गराएको प्रहरीले जानकारी दिएको छ।

# तीनतलेमा ट्रक पल्टियो, २ जना घाइते

समाज संवाददाता

हेटौँडाः हेटौँडा-सिन्धुली मदन भण्डारी लोकमार्गअन्तर्गत मकवानपुरको बकैया गाउँपालिका-५, तीनतलेमा आइतबार बिहान ट्रक दुर्घटना भएको छ। आइतबार बिहान ७ बजेको समयमा हेटौँडाबाट फापरबारीतर्फ जाँदै गरेको सिमेन्ट लोड भएको ना ५ ख ४६५६ नम्बरको ट्रक सडकको बायाँ पट्टी पल्टिएर दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ। दुर्घटनामा परी ट्रक चालक हेटौँडा उपमहानगरपालिका-१४, मयुरधापका ४० वर्षीय रवि थापा मगर र उनका छोरा १३ वर्षीय रिहान थापा मगर घाइते भएका छन्। रविको टाउको र शरीरको विभिन्न भागमा चोट लागेको र मध्यम अवस्था रहेको प्रहरीले जानकारी दिएको छ भने रिहानको अनुहार र खुट्टामा चोट लागेर सामान्य अवस्था रहेको प्रहरीले उल्लेख गरेको छ । रवि र रिहानको हेटौँडा अस्पतालमा उपचार भइरहेको छ।

# काठमाडौंमा चोरी भएको मोटरसाइकल भैसेमा भेटियो




मोटरसाइकल धनी शेर्पालाई मोटरसाइकल बुझाउँदै प्रहरी ।

समाज संवाददाता

हेटौँडाः काठमाडौंबाट चोरी भएको मोटरसाइकल मकवानपुरको भीमफेदी गाउँपालिका-२, भैंसेमा भेटिएको छ । प्रहरीले बरामद गरेको मोटरसाइकल आइतबार धनीलाई फिर्ता गरेको छ।

दोलखा जिल्लाको बिगु गाउँपालिका-७ घर भई हाल काठमाडौं जिल्लाको गोकर्णेश्वर नगरपालिवका-८, बेशीगाउँ बस्ने २० वर्षीय तेन्जिङ फिन्जो शेर्पाको घरबाटै शुक्रबार बिहान ९ बजेको समयमा बागमती प्रदेश ०२-०४३ प ५०५२ नम्बरको २०० सीसीको एनएस पल्सर मोटरसाइकल चोरी भएको थियो । प्रहरीले आइतबार मोटरसाइकलधनी तेन्जिङ फिन्जो शेर्पालाई जिल्ला प्रहरी कार्यालय परिसरमा हस्तान्तरण गरिएको छ।

# मकवानपुरमा मनाए किरात राईले उधौली पर्व

समाज संवाददाता

हेटौँडाः देवास राई उत्थान समाज मकवानपुरले हेटौंडामा साकेला उधौली पर्व (एले दोङ ५०८४) मनाएका छन् । आइतबार देवास राई उत्थान समाज मकवानपुरका अध्यक्ष बद्री बहादुर राईको सभाध्यक्ष तथा केन्द्रीय अध्यक्ष आश्मान राइको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै केन्द्रीय अध्यक्ष राईले किरात राईहरुको इतिहास हराउँदै गएको भन्दै खोज्न आवश्यक रहेको बताउनुभयो । कतिपय इतिहासहरु तथ्यहिन भएको भन्दै यसलाई सच्याउनुपर्ने पनि उहाँले बताउनुभयो ।

यस्तै हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले राई समुदायले आफ्नो संस्कार र संस्कृतिलाई जोगाउनुपर्ने बताउनुभयो । यसका लागि उपमहानगरपालिकाले आवश्यक सहयोग गर्ने पनि बताउनुभयो ।

पितृको मान र प्रकृतिको सम्मानका रूपमा किरात समुदायले उधौली पर्व मनाउँदै आइरहेका छन् । उधौलीको अवसरमा किरात समुदायका याक्खाले चासुवा, सुनुवारले फोलस्यादर, राईले उधौली सकेला र लिम्बूहरूले चासोक तङनाम मनाउछन् । किरात समुदायले अन्नबाली पाकेपछि इष्टदेवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गर्ने दिनलाई उधौली पर्वका रुपमा मनाउँछन्। बाली लगाउने बेलामा भने किरात समुदायले उभौली पर्व मनाउने प्रचलन छ । उभौलीमा खेतीपाती राम्रो होस् भनी पूजा गर्ने र उधौलीमा खेतीपाती राम्रो गरेकामा साकेला (भूमे)लाई धन्यवाद दिने गरिन्छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# अधिकृत विक्रेता संघको साधारणसभा

समाज संवाददाता

हेटौँडाः मकवानपुर अधिकृत विक्रेता व्यवसायी संघको वार्षिक साधारण सभा सम्पन्न भएको छ । शनिबार भीमफेदी गाउँपालिकास्थित कुलेखानी जलविद्युत आयोजना तेस्रो नजिकै खेलमैदानमा मकवानपुर अधिकृत विक्रेता व्यवसायी संघको १४ औं वार्षिक साधारण सभा सम्पन्न भएको हो ।

संघका अध्यक्ष अमीत कुमार श्रेष्ठको सभाध्यक्षमा तथा नेपाल वितरक महासंघका केन्द्रीय उपाध्यक्ष तथा सल्लाहकार विजय कुमार श्रेष्ठको प्रमुख आतिथ्यमा साधारण सभाको उद्घाटन समारोह भएको हो । साधारण सभामा अध्यक्ष, सचिव र कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरिएको थियो । उद्घाटन समारोहमा मकवानपुर उद्योग वाणिजय संघका निवर्तमान अध्यक्ष कृष्ण कटुवालको विशिष्ट आतिथ्य रहेको थियो ।




हार्दिक बधाई



यस मकवानपुर बालविद्या सदनका प्रिन्सीपल आदरणीय सुदीपराज गिरी निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्यान्सन) हेटौंडा उपमहानगर समितिको आइतबार सम्पन्न अधिवेशनबाट सचिव पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

मकवानपुर बालविद्या सदन परिवार
हेटौंडा-१८, मकवानपुर

## श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि. को
## १६ औं बार्षिक साधारणसभा सम्बन्धी सूचना

संचालक समितिको मिति २०८१/०७/१४ गते बसेको बैठक नम्बर ३९ को निर्णय अनुसार यस संस्थाको १६ औं बार्षिक साधारण सभा तपसिलमा उल्लेखित बिषयहरुमा छलफल गरि निर्णय लिन निम्न लिखित मिति, स्थान र समयमा कार्यक्रम गरि सम्पन्न गर्नुपर्ने भएकोले यस संस्थामा आवद्ध प्रत्येक शेयर सदस्यहरुलाई सहकारी मूल्यमान्यता र सिद्धान्त बमोजिम अधिकांश शेयर सदस्यहरुको हित हुने गरि कार्यक्रम अघि बढाउन लक्ष्य र उद्देश्य तयार गरि शेयर सदस्य आफू स्वयम् उपस्थित हुन यसै सूचनाबाट हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**

**(क) सभामा प्रस्तुत हुने छलफलका बिषयहरू :**

१) संचालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत संस्थाको प्रतिवेदन ।
२) कोषाध्यक्षद्वारा प्रस्तुत हुने वित्तिय विवरण तथा आर्थिक प्रतिवेदन र ऋण उपसमितिको प्रतिवेदन ।
३) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
४) आ.व. २०८०/०८१ को लेखा परीक्षकको वित्तिय विवरण पारित गर्ने र आ.व. २०८१/०८२ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धमा ।
५) आ.व. २०८१/०८२ को अनुमानित वित्तिय विवरण प्रस्तुत तथा पारित सम्बन्धमा ।
६) शेयर लाभांश तथा संरक्षित पूंजी फिर्ता कोषको रकम बाँडफाँड सम्बन्धमा ।
७) संस्थाको स्वामित्वमा रहेको जग्गाहरु बिक्रि गर्ने सम्बन्धमा ।
८) माईन्यूट प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
९) विविध कार्यक्रम ।

**नोट :**

(क) एस.ई.ई. मा उत्कृष्ट अंक ल्याउने सदस्यको छोरा/छोरीहरुलाई सम्मान तथा पुरस्कार वितरणको लागि मिति २०८१/०८/३० गतेसम्म आवश्यक कागजातहरु संस्थामा बुझाउनु हुन ।
(ख) साधारणसभामा उपस्थिति हुने सदस्यहरुलाई यातायात खर्चको व्यवस्था गरिएको छ ।

(ख) कार्यक्रमः
मिति : २०८१ पुस १३ गते शनिबार ।
स्थान : रोयल पार्टि प्यालेस, हेटौंडा-४
समय : बिहान ११:०० बजे ।

**अर्जुन प्रसाद ढुंगेल**
**सचिव**

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधिको आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरबाट दरखास्त आव्हान गरिन्छ ।

- **कार्यक्षेत्र** : हेटौंडा उपमहानगरपालिका ।
- **अनुभव** : आवश्यक छैन ।
- **काम** : personal care, food supplement, clothes, grocery product हरुको प्रवर्द्धन गर्ने ।
- **आफ्नो वायोडाटा निवेदनको साथ पेश गर्नुहोला ।**



**सेवा सुविधाहरू**

- तलब : १५,००० बाट सुरु भई १,००,००० सम्म,
- अन्य सेवा सुविधा सप्लायर्सको नियम अनुसार हुनेछ ।

**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ